# राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम विकास समिति (गठन) आदेश, २०६९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस आदेशको नाम "राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम विकास समिति (गठन) आदेश, २०६९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाले दफा ८ बमोजिमको कोष सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनुपर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउनेछ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम विकास समिति सम्झनुपर्छ ।

**३. समितिको गठन :**

(१) आयुर्वेद विषयको अनुसन्धान गर्ने काम समेतको लागि राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम विकास समिति नामको एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजमको समितिको गठन देहायबमोजिम हुनेछ :

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तिमा स्नातकोपाधि हासिल गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) महानिर्देशक, आयुर्वेद विभाग - सदस्य

(ग) मन्त्रालयको प्रतिनिधि - सदस्य

(घ) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ङ) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोपाधि हासिल गरी अनुसन्धान तथा तालिमको क्षेत्रमा काम गरेका व्यक्तिहरुमध्येबाट कम्तिमा एकजना महिलासहित मन्त्रालयले मनोनीत गरेका दुईजना - सदस्य

(च) आयुर्वेद चिकित्सकहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेका दुईजना - सदस्य

(छ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) बमोजम मनोनीत सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :** यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) समितिबाट गरिने काम कारवाहीका सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) आयुर्वेद सम्बन्धी विषयमा अनुसन्धान गर्ने, गराउने,

(ग) आयुर्वेद सम्बन्धी विषयमा तालिम सञ्चालन गर्ने,

(घ) आयुर्वेद सम्बन्धी प्राचीन साहित्य, अभिलेख, औषधि एवं जडीबुटी, चिकित्सा, भैषज्यकल्पना, प्रयोगशाला परीक्षण, आरोग्य, आहार एवं पोषण तथा मौलिक सिद्धान्तको अनुसन्धान, अभिलेखन, वैज्ञानिकीकरण लगायतका कार्य गर्ने, गराउने;

(ङ) आयुर्वेदसँग सम्बन्धित काम गर्ने विभिन्न निकायसँग सहकार्य तथा समन्वय गर्ने;

(च) समितिको लागि आवश्यक स्रोत तथा साधनको व्यवस्था गर्ने;

(छ) व्यवसायिक रुपमा गरिने जडीबुटी खेती, औषधि उत्पादन र उपयोगसम्बन्धी कार्यलाई प्रोत्साहन गर्ने;

(ज) आयुर्वेदको विकासको लागि विभिन्न किसिमका गोष्ठी तथा सेमिनार सञ्चालन गर्ने, गराउने;

(झ) लोप हुन लागेका जडीबुटीहरुको संरक्षण, सम्वर्द्धन तथा विस्तारको लागि विभिन्न माध्यमबाट नमूना जडीबुटी उद्यान निर्माण, अनुसन्धान, उत्पादन, प्रशोधन, वितरण र व्यवस्थापनसम्बन्धी कार्य गर्ने;

(ञ) जडीबुटीको खेती, संरक्षण, प्रविधि तथा हस्तान्तरणसम्बन्धी कार्यमा सम्बन्धित निकायसँग समन्वय गरी सो क्षेत्रमा संलग्न व्यक्ति तथा संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउने;

(ट) आयुर्वेद विषयमा अनुसन्धान गर्ने प्रयोजनका लागि तोकिए बमोजिम आयुर्वेद अस्पताल सञ्चालन गर्ने;

(ठ) समितिको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने;

(ड) समितिको काम कारवाहीको लागि आवश्यक जनशक्ति विकास गर्ने;

(ढ) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

**५. समितिको बैठकसम्बन्धी कार्यविधि :**

(१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषयसहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफुहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा नेपाल सरकारको कुनै अधिकृतलाई बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. कार्यकारी निर्देशकसम्बन्धी व्यवस्था :**

(१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारले मान्यताप्राप्त विश्वविद्यालयबाट आयुर्वेद विषयमा कम्तिमा स्नातकोत्तर गरी आयुर्वेद काउन्सिलमा नाम दर्ता भई सम्बन्धित क्षेत्रमा कम्तिमा सात वर्षको अनुभव हासिल गरेको व्यक्तिलाई खुला प्रतियोगिताको आधारमा समितिको कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्म, नेपाल सरकारले यो गठन आदेश प्रारम्भ हुँदाका बखत कायम रहेको राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रको कार्यकारी निर्देशकले समितिको कार्यकारी निर्देशकको रुपमा काम गर्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले समितिको हक हित विपरीत कुनै काम गरेमा नेपाल सरकारले निजको पदावधि पूरा नहुँदै निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिनेछैन।

(६) कार्यकारी निर्देशकको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म निजको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

७. **कार्यकारी निर्देशकको काम, कर्तव्य तथा अधिकार :** कार्यकारी निर्देशकको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :

(क) समितिबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिसमक्ष पेश गर्ने,

(घ) समितिको काम कारवाहीका सम्बन्धमा विभिन्न निकायसँग समन्वय गर्ने,

(ङ) समितिबाट प्रत्यायोजित तथा निर्देशन भए बमोजिमका कार्य गर्ने, गराउने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

८. **कर्मचारीसम्बन्धी व्यवस्था :**

(१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन्।

(२) समितिले आफ्नै स्रोतबाट व्यहोर्ने गरी तोकिए बमोजिम खुला प्रतियोगिताद्वारा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिमा आवश्यक संख्यामा कर्मचारी नियुक्त नभएसम्म समितिले मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका कर्मचारीलाई समितिको काममा लगाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाको शर्तसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(५) समितिका कर्मचारीको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

९. **समितिको कोष :**

(१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहायबमोजिमका रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) समितिले प्रदान गरेको सेवा तथा सुविधा वापत प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम।

(२) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नुअघि नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) समितिको कोषमा रहेको रकम समितिले नेपालभित्रको कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ।

(५) समितिको कोषको सञ्चालन समितिको सदस्य-सचिव र लेखासम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

१०. **सम्बन्धित कार्यको लागि रकम खर्च गर्नुपर्ने :** समितिले नेपाल सरकारबाट जुन कामको लागि रकम प्राप्त भएको छ सोही कामसमा मात्र खर्च गर्नुपर्नेछ ।

११. **लेखा र लेखा परीक्षण :**

(१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखा परीक्षण मान्यताप्राप्त लेखा परीक्षकहरुमध्येबाट समितिले तोकेको लेखा परीक्षकले गर्नेछ ।

(३) समितिको अन्तिम लेखा परीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१२. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने :**

(१) समितिले आफ्नो काम सुचारुरुपले सञ्चालन गर्नका लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समेत रहेको उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार, कार्यविधि तथा त्यस्तो उपसमिति वा कार्यदलका सदस्यहरुले पाउने सुविधा नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

१३. **बैठक भत्ता :** समिति तथा दफा १२ बमोजिम गठित उपसमिति वा कार्यदलका सदस्यहरुले बैठकमा भाग लिए वापत नेपाल सरकारबाट स्वीकृत भएबमोजिम बैठक भत्ता पाउनेछन् ।

१४. **वार्षिक प्रतिवेदन पेश गर्ने :** समितिले वर्षभरिमा आफुले गरेका काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्तभएको तीन महिनाभित्र मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ ।

१५. **अधिकार प्रत्यायोजन :** समितिले आफुलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, दफा १२ बमोजम गठित उपसमिति वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. **समितिको कार्यालयको नामाकरण :** समितिको कार्यालय राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रको नामबाट प्रचलित हुनेछ ।

१७. **निर्देशन दिने :** मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१८. **नेपाल सरकारसँग सम्पर्क :** समितिले मन्त्रालयसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नुपर्नेछ ।

१९. **नियम बनाउने अधिकार :**

(१) यो आदेशको कार्यान्वयनको लागि समितिले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजम बनाइएका नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

आज्ञाले,
डा. प्रवीण मिश्र
नेपाल सरकारको सचिव

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचना

**राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम विकास समिति (पहिलो संशोधन) (गठन) आदेश, २०७१**

राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम विकास समिति (गठन) आदेश, २०६९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम विकास समिति (पहिलो संशोधन) (गठन) आदेश, २०७१" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम विकास समिति (गठन) आदेश, २०६९ को दफा ६ मा संशोधन** :- राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम विकास समिति (गठन) आदेश, २०६९ को दफा ६ को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।"

(२) उपदफा (५) मा रहेको "उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शव्दहरुको सट्टा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शव्दहरु राखिएका छन्।

आज्ञाले,

शान्त बहादुर श्रेष्ठ

नेपाल सरकारको सचिव